सातौं नगर सभामा प्रस्तुत

## आर्थिक वर्ष २०७७/०७८ को

# वजेट तथा कार्यक्रम

फलेवास नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

२०७७/०३/१०

**सभाध्यक्ष महोदय,**

१ फलेवास नगर कार्यपालिकाको आर्थिक वर्ष २०७७/०७८ को वजेट तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गरिरहंदा म गौरवान्वित भएको छु। विभिन्न राजनैतिक आरोह अवरोह पार गरेर अहिले हामी समृद्धि र समुन्नतिको यात्रामा अगाडि वढिरहेका छौ। राष्ट्रियता, स्वाधिनता, सामाजिक न्याय, समानता, सम्वृद्धि, संघीय शासन प्रणाली स्थापित गर्न, मुलकमा जनताको सत्ता ल्याउनका लागि विभिन्न समयमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने विर सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु।
यस महत्वपूर्ण अवसरमा, देशमा भएका विभिन्न आन्दोलनमा निरन्तर लागिरहने योद्धाहरुप्रति सम्मानका साथै मुलुकको राजनीतिक, आर्थिक एवम् सामाजिक सबलिकरणका लागि नेतृत्वदायी भुमिका खेल्नुहुने राजनैतिक शिखर व्यक्तित्व, अग्रज नेताहरु प्रति हार्दिक सम्मान प्रकट गर्दछु।

२ नेपालमा दशकौंको संघर्ष र वलिदान पछि नेपाली जनताले आफैले चुनेका प्रतिनिधिहरुवाट संविधान निर्माण गरी आँफुले चाहेको शासन र विकासमा सहभागी हुने अवसर मिलेको छ। नागरीकले देख्न सक्ने, छुन सक्ने, अनुभव गर्न सक्ने, सजिलै भेट्न सक्ने पहुँचमा रहेको स्थानीय सरकार भएको हुंदा विकासमा नागरिकको सार्थक र जीवन्त सहभागिताको सुनिश्चितता गर्न सकिएको छ। नागरिकहरुको दुःख र सुखमा साथ दिने साथी र सारथी वन्न सकेका छन स्थानीय सरकार। स्थानीय श्रोत र साधनको पहिचान गरी अधिकतम उपयोग गर्दै नागरिकका आवश्यकतालाई सम्वोधन गर्ने माध्यम वनेका छन स्थानीय सरकार। मानव जिवनमा गर्व देखि मृत्यु संस्कार सम्मको जिवनयापनमा सहयात्री वनेर नागरिकहरुलाई सहयोग गरि रहेका

छन र नागरिकलाई आइपरेका समस्या विसाउने र समाधानका उपायहरु खोजी गर्ने माध्यम वनेका छन स्थानीय सरकार ।

३ महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को प्रकोपले गर्दा सवै क्षेत्रमा गम्भिर असर परी एकै पटक मानवीय तथा आर्थिक संकट झेल्नु परेको छ । मानव स्वास्थ्यमा आएको यस महासंकटले गर्दा उत्पादन, रोजगारी, व्यापार व्यवशाय ठप्प हुन गएको हुंदा राजश्व असुलीमा गम्भिर असर परेको छ ।

४ राज्यको शासकीय स्वरुप तीन तहमा पूर्नसंरचना गरी तीन तहका सरकारले सहशासन र स्वशासनको अवधारणा अनुसार स्रोत साधनको प्रवन्ध गरी विकासका कार्यक्रमहरु अगाडी वढिरहेका छन । स्थानीय सरकारका वजेटका श्रोतहरु मुलत संघीय सरकारवाट प्राप्त समानिकरण अनुदान तथा राजश्व वाँडफाँडवाट प्राप्त रकम, सशर्त रकम, समपुरक तथा विशेष अनुदान रकम र प्रादेशिक सरकारवाट प्राप्त यस्तै प्रकृतिको रकम हाम्रो स्थानीय संचित कोषको प्रमुख आधार हो । आफ्नै स्रोतको राजश्व र गैर कर राजश्वको हिस्सा हाम्रो वजेटमा न्युन रहेको छ । स्थानीय राजश्व प्राप्ति र परिचालनको हिस्सा कम रहेको र सशर्त अनुदानको हिस्सा वढी भएको अवस्थामा स्थानीय विशिष्ठ समस्याहरु समाधान गर्न कठिन रहेको परिपेक्षमा सवै क्षेत्रमा समुचित एवं समन्यायीक हिसावले सम्वोधन गर्न सकिएको अवगत गराउदछु ।

५ तथापि नगरको सचित कोषलाई स्थानीय आवश्यकता र प्राथमिकतामा आधारित भई प्रयोग भएकोले हामीले सोचे अनुसारको उपलब्धीहरु हाँसिल भएका छन् । फलेवासलाई एक साझा भुगोलको रुपमा लिई नागरिकहरुलाई भएका कठिनाई, परेका समस्यालाई केन्द्रमा राखि सवै घर, वस्ती, टोल र वार्डलाई सिक्रिवद्ध गरी समग्र फलेवासको विकास गर्ने सोचले वजेटको कार्यान्वयन गर्ने गरिएको हुंदा असमानता कम हुँदै गएको छ । आधारभूत तहका नागरिकहरुमा विकासका कार्यक्रम पुग्न सकेका छन । सेवाप्रवाह छिटो र सहज भएका छन, आयआर्जन, उद्यम विकास, स्वरोजगार र रोजगारीका अवसरहरु वृद्धि भई नागरिकको दैनिक जिवनयापनमा सहयोग पुगेको छ । समावेशी विकास, समन्यायीक विकासको प्रतिफल सवै नागरिकहरुले उपयोग गर्ने अवसर मिलेको छ । लक्षित समुदाय जेष्ठनागरिक, वालवालिका, महिला, अपांगता भएका व्यक्ति र अल्पसंख्यक समुदायको आत्मसम्मान, आर्थिक विकास, सीप विकासको क्षेत्रमा सहयोग पुगेको छ । दीगो विकास लक्ष्य, नेपालको पन्ध्रौ पञ्चवर्षिय योजना, नगरको गुरुयोजनाले तय गरेका सोच र उपलव्धी हांसिल गर्ने तर्फ नगरका क्रियाकलापहरु अगाडी वढेका छन ।

६ कोरोना भाइरस (कोभिड १९) को महामारीलाई नियन्त्रण, रोकथाम र उपचार गरी नगरवासीहरुको जिवन रक्षाका लागि नगर कार्यपालिका अनवरत रुपमा क्रियाशिल भै कार्य गरिरहेको छ । नागरिकहरुमा सचेतना, न्युनतम आधारभूत खाद्यवस्तुको उपलव्धता, क्वारेन्टाइनको व्यवस्थापन गरी जोखिमको न्युनिकरण, राहात कोषको शुभारम्भ गरी विपन्न तथा आर्थिक संकट भएका परिवारको खाद्यसुरक्षा, स्वदेश तथा देश वाहिरवाट आउने व्यक्तिहरुको वसाई, उपचार तथा यातायात व्यवस्थापनले फलेवासीहरुमा कोरोना भाइरसको जोखिम न्युन भएको छ ।

७ हामी सार्वभौम जनतावाट निर्वाचित भएर आएको ३ वर्ष पुरा भएको छ । हामी निर्वाचित भएर स्थानीय सरकार सञ्चालन गर्न आउदैं गर्दा नगरको पूर्वाधार, सडक यातायात, विद्युतीकरण, खानेपानीको सुविधा, सिंचाई, विद्यालयको भौतिक तथा संस्थागत अवस्था, स्वास्थ्य चौकीहरुको व्यवस्थापन र भवनको अवस्था, कृषि तथा पशुपालन, कार्यालयको भौतिक तथा संस्थागत विकास लगायत अन्य क्षेत्रको यथार्थ अवस्थाको स्मरण गरी ३ वर्षको अवधीमा हरेक क्षेत्रमा आएको परिवर्तनलाई समिक्षा गरौं तव मात्र हामीमा खुसी र थप काम गर्ने उर्जा मिल्ने छ ।

८ नगर कार्यपालिकाले पहिलो वर्षवाट अगाडी सारिएका दिर्घकालिन सोच र योजनाहरु क्रमस कार्यान्वयन हुँदै गएका छन । कालिगण्डकी वहुउद्देश्यीय परियोजनाको प्रारम्भिक अध्ययन सम्पन्न भई डि.पि.आर.को काम भईरहेको छ, शुन्य कालोपत्रे रहेको फलेवास नगरपालिकामा मल्यांदी खोला मुडिकुवा, राहाले ढिक चन्दनी मोटरवाटो कालोपत्रे हुँदैछ, नौडाँडा कार्किनेटा देविस्थान जैमुनि गल्कोट सुर्खेत जोड्ने सडक कालोपत्रेको काम भईरहेको छ । मुडिकुवा लमाय कुर्घा लुंखु सडक कालोपत्रेको काम अगाडी वढेको छ । माझ्गिाउँ चौरमा रंगशालाको शुभारम्भ भएको छ । कालीगण्डकी लोकमार्ग हामै नगरको समथल भूभागवाट निर्माणाधिन छ । कालीगण्डकी, मोदीखोला, लमायखोला, खाल्टेखोला, चिर्दिखोलामा मोटरेवल पुल निर्माण भईरहेका छन । फलेवासलाई छुनेगरी ४ वटा अग्ला पूल निर्माण सम्पन्न भएका छन अन्य स्थानमा पूल निर्माण भईरहेका छन । खानेपानीको समस्या रहेको शंकरपोखरीमा लिफ्ट खानेपानी, खानीगाउँ र देविस्थानमा वृहत फलेवास खानेपानी, अन्य वडाहरुमा एक घर एक धारा सहितका खानेपानी योजनाहरु कार्यान्वयन भएका छन ।

९ नगरले अगाडी सारेको सेन्टर चक्रपथमा ७ कि.मि. कालोपत्रे भएको छ भने अन्य १३ कि.मि. कालो शुरु भएको छ। भित्र चक्रपथ ट्र्याक खोली स्तरवृद्धि हुने चरणमा पुगेको छ। वाहिरी चक्रपथ नुवार देखि तातोपानी र तिनकुले देखि वाच्छा खोला सम्म ट्र्याक खोल्न वांकी छ अन्य सवै क्षेत्रमा सडक विस्तार भएको छ। मुख्य मुख्य लिंकरोडहरु ट्र्याक खोल्ने काम पुरा भएको छ। १४ वटा नयाँ वस्तीमा सडक पुगेको छ। यसरी २७ किलो मिटर नयाँ ट्र्याक खोलिएको ३६. ५ कि.मि. सडक चौडा गरिएको, ४० कि.मि. ग्याविन भरी सडक स्तरवृद्धि गरिएको छ।

१० जोखिम र समस्याको रुपमा काठेपोल मार्फत विद्युतीकरण भएको थियो चालु आ.व.मा नै स्टिल पोलमा रुपान्तरण गरिएको छ। ३२८० मिटर सिंचाई कुलो आरसीसी, ६०० मिटर पाईपद्धारा ७० हेक्टर जमिनमा सिंचाई सुविधा पुगेको छ। १४५० मुल पाईप लाइन र ६२७० शाखा लाईन विस्तार गरी १३९० घरपरिवारलाई खानेपानी सुविधा विस्तार भएको छ। ८१०० मिटर पदमार्ग तथा गोरेटो वाटो निर्माण, नगर, वडा तथा टोल स्तरीय ७ वटा खेलकुद मैदान निर्माण, ९ वटा सामुदायिक भवन, ४ वटा वाह्य खोपकेन्द, ७ वटा सांस्कृतिक पूर्वाधार, १२ वटा चौतारी पोखरी, झोलुङ्ग पूल ३ वटा, नमुना विद्यालय २ वटाको भौतिक निर्माण भईरहेको छ। अन्य विद्यालयमा १३ वटा अन्य पूर्वाधार निर्माण भएका छन।

११ क्लिन फलेवास ग्रिन फलेवास अभियान अन्तर्गत मुडिकुला लमाय पिच सडकमा वृक्षा रोपण, ७० वटा टोलमा क्षमता विकास तथा चेतनाकरण अभियान, ५७२६ घरमा घरवगैंचा कार्यक्रम, ७८ वटा तरकारी नर्सरी स्थापना, विरुवा हाम्रो फल तपाईको कार्यक्रम अन्तर्गत विरुवा रोपण, टनेल हाम्रो उत्पादन तपाईको कार्यक्रम व्यवस्थापन, कोभिड १९ को सचेतना र क्वारेन्टायन व्यवस्थापनमा नागरिक परिचालन, ४६ वटा फोहोर विक्री गर्ने

टहरा निर्माण भई नगरका सवै परिवारलाई यो कार्यक्रमले सिक्रीवद्ध गरेको छ ।

१२ ३ वटा महिला उद्योग, ३ वटा घरेलु औजार उद्योग, ३ वटा एक वार्ड एक पशु फार्म, ४ वटा एक वार्ड एक कृषि फार्म, ३०० रोपनीमा वृहत कृषि फार्म शुरु भएको छ । विरुवा हाम्रो फल तपाईको अभियानमा १ लाख १५ हजार विरुवा रोपण भएको छ । टनेल हाम्रो उत्पादन तपाईको कार्यक्रममा ११६५ वटा प्लास्टिक टनेल निर्माण भएका छन ।

१३ दिगो भौतिक विकासलाई जोड दिँदै सवै वस्ती, वडा र अन्तर पालिका तथा जिल्ला जोड्ने सडक संजालको विकास हुँदैछ । सडकलाई व्यावसायिक र पर्यावरणीय वनाउन जोड दिइएको छ । कृषि, पर्यटन, पूर्वाधार र रोजगार : सुन्दर फलेवास समृद्धीको आधार हाम्रो दिर्घकालिन सोच पुर्ण हुँदैछ । समग्रमा समृद्ध फलेवास सुखी फलेवासी हुदैं समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय लक्ष्य पुरा हुने गरी हाम्रा योजनाहरु कार्यान्वयन भई रहेका छन ।

१४ सभाध्यक्ष महोदय,

आगामी आर्थिक वर्ष २०७७/०७८ को वजेट तथा कार्यक्रम तय गर्दा मैले चालु वर्ष सम्म प्राप्त उपलब्धीहरुलाई संस्थागत गर्दै, पहिलो वर्ष देखि अगाडी सारेको दिर्घकालिन सोच, नगरका गौरवका योजनाको कार्यान्वयनलाई जोड दिएको छु । नागरिकका दैनिक आधारभूत आवश्यकता संवोधन गर्ने, नागरिकका सामाजिक तथा आर्थिक हीत संवर्द्धन गर्ने, समावेशी तथा समन्यायिक विकास अगाडी वढाउने तथा दीगो विकासलाई आत्मसाथ गर्ने प्रवन्ध मिलाएको छु । हरित विकासको अवधारणालाई केन्द्रमा राखेर वजेट तथा कार्यक्रमका सवै अवयवहरु अगाडी वढेका छन् । कोरोना

भाइरसको महामारीले ल्याएको असहज परिस्थितीको सामना गर्ने क्रियाकलापलाई महत्वमा राखिएको छ ।

१५ अव म गत आर्थिक वर्षको यथार्थ आय व्ययको समिक्षा प्रस्तुत गर्दछु ।

## आम्दानी तर्फ :

गत आर्थिक वर्ष २०७५/७६ मा यस नगरपालिकामा आम्दानी २ करोड ९५ लाख ६९ हजार ७ सय ५५ रुपैया भएको छ । जस अन्तर्गत अ.ल्या. २ करोड, २ लाख, ९४ हजार, १७५ रुपैया र आन्तरिक स्रोतः ९२ लाख, ७५ हजार, ५८४ रुपैया, वित्तिय समानिकरणमा संघबाट ८ करोड, ८६ लाख, रुपैया, संघीय शर्सत चालु २६ करोड, ८७ लाख, ९६ हजार ८८९ रुपैया, सामाजिक सुरक्षा तर्फ ६ करोड, ३५ लाख, ६ हजार रुपैया राजस्व बाँडफाँड तर्फ संघबाट ४ करोड, ८४ लाख, ११ हजार, २७० रुपैया, प्रदेश राजस्व बाँडफाँडः ३० लाख ८० हजार ८० रुपैया, प्रदेश समानीकरण तर्फ १ करोड, ७ लाख, ५३ हजार रुपैया, स्थानीय पूर्वाधार साझेदारी कार्यक्रममा ५१ लाख, झोलुंगे पुल ३८ लाख रुपैया र अन्य विविध शिर्षक पर्यटन, एल.जि.सि.डि.पि, गरिवसंग विश्वेश्वर, सडक वोर्ड आदिवाट ९७ लाख, ४२ हजार, ४६७ गरी कुल ५३ करोड १३ लाख ५९ हजार ४६० आय भएको थियो ।

## व्यय तर्फ :

यस नगर कार्यपालिकाको २०७६ असार मसान्त सम्मको चालु खर्च रु.४० करोड, ४८ लाख, ९८ हजार, ८८० रुपैयाँ, पुँजीगत तर्फ ९ करोड, ५३ लाख, ६९ हजार, ९५२ रुपैयाँ र अन्य रु. १ करोड, २९ लाख, ५१ हजार, ९४६ रुपैयाँ मात्र खर्च भएको छ भने रु.७२ लाख, ३७ हजार ३६०

रुपैयाँसंघीय सरकारमा फिर्ता गरिएको छ । धरौटी रकम रु ३ लाख ९९ हजार ४४८ रुपैयाँ, यस आ.व. मा जिम्मेवारी सारिएको बैंक मौज्दात १ करोड, ५९ लाख २२ हजार रुपैयाँ र विभाज्य कोष मौज्दात रु.१८ लाख १७ हजार २४२ रुपैयाँ चालु आ.व.मा जिम्मेवारी सारिएको छ ।

**लेखापरीक्षण प्रतिवेदन :**

नगरपालिकाको गत आर्थिक वर्ष २०७५/०७६ को आर्थिक श्रेस्था कोष तथा लेखा नियन्त्रण कार्यालय पर्वतवाट आन्तरिक लेखा परिक्षण र महालेखा परिक्षणको कार्यालयवाट अन्तिम लेखा परिक्षण भई प्रतिवेदन प्राप्त भएको छ । पेश्की वेरुजु देखिएका योजना फरफारक गरी फर्छ्यौट हुने क्रममा रहेको छ । म.ले.प. वाट प्रारम्भिक रुपमा औल्याईएका वेरुजुको प्रतिक्रिया समेत समयमा नै पठाई सकिएको छ । वाँकी रहेको वेरुजु फर्छ्यौटका लागि आवश्यक प्रक्रिया अगाडी वढाईएको छ । गत आ.व.मा देखिका नीतिगत वेरुजुलाई चालु आ.व.मा नदोहोरिने गरी कार्यान्वयन गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

अव म चालु आ.व. २०७६।०७७ को शंसोधित कार्यक्रम तथा वजेट प्रस्तुत गर्दछु ।

क) आम्दानी तर्फ

| शिर्षक | अनुमानित वजेट | शंसोधित वजेट |
|---|---|---|
| वित्तिय समानिकरण तर्फ (संघीय सरकार) | १०,१५,००,००० | १०,१५,००,००० |
| ससर्त चालु अनुदान (संघीय सरकार) | २,८६,४०,०००। | ३०,९४,९६,०००। |
| राजश्व वाँडफाँड (संघीय सरकार) | ७१५००००० | ३,७६,५७,२५६।३२ |
| समपुरक अनुदान | १९८०००००। | १९८०००००। |
| विशेष अनुदान | ७५,००,०००। | ७५,००,०००। |
| आन्तरिक राजश्वबाट | २४९७८००० | ९५००००० |

| शिर्षक | अनुमानित वजेट | शंसोधित वजेट |
|---|---|---|
| गत वर्षको मौज्दात | १५९२२००० | १४८५४२७३।७३ |
| प्रदेश समानिकरण (गण्डकी प्रदेश सरकार) | १२१०००००। | १२१००००० |
| राजश्व बाँडफाँड (गण्डकी प्रदेश सरकार) | ३६,३६,००० | ३३,०४,०००। |
| प्रदेश शसर्त (गण्डकी प्रदेश सरकार) | १,००,००,०००। | १,२५,००,०००। |
| सामाजिक सुरक्षा रकम | १०,००,००,००० | १०,५१,१८,०००। |
| एल.जि.सि.डि.पि. | ६,००,०००। | २,७९,९३०। |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | १,००,००,०००। | ४५,६१,०००। |
| गरिवसंग विशेश्वर कार्यक्रम | ५,००,०००। | ४,९५,०००। |
| पर्यटन वोर्ड | ४०,००,०००। | २५,००,०००। |
| स्थानीय पूर्वाधार साझेदारी कार्यकम | १,००,००,०००। | ८५,२५,०००। |

सभाध्यक्ष महोदय,

अव म चालु आ.व.को २०७७ जेष्ठ मसान्तसम्मको समिक्षा प्रस्तुत गर्दछु ।

चालु आ.व.को जेष्ठ मसान्तसम्म संघीय सरकारवाट प्राप्त वित्तिय समानिकरण रु. १०,१५,००,०००। को (५२ प्रतिशत), राजस्व बाँडफाँड रु.७१५०००००। को ५६ प्रतिशत सर्शत चालु अनुदान रु.३०,९४,९६०००। को ७० प्रतिशत, सामाजिक सुरक्षा रु. १०,५१,१८,०००। को रु.१०५०००००। को ९९.९ प्रतिशत गरिवसंग विशेश्वर कार्यक्रमको, एल.जि.सि.डि.पि.को, पर्यटन वोर्डको, सडक वोर्ड गरी ७० प्रतिशत । खर्च भएको छ भने चालु आ.व.को मध्यावधी सम्ममा ६२ प्रतिशत खर्च भएको छ । आन्तरिक राजश्व १ करोड ५० लाख उठ्ने लक्ष्य राखिएकोमा सो अवधीमा रु.८५,००,०००। रुपैयां संकलन भै ५७ प्रतिशत राजश्व असुली भएको छ । कोभिड १९ को महामारी र सरकारले लगाएको लकडाउनका कारण लक्ष्य अनुसारको राजश्व असुली कम हुने देखिन्छ ।

## आगामी वर्षको वजेटका उद्देश्यहरु :

१६ सुखी, खुसी तथा आफ्नो अधिकार प्रति सचेत र आफ्नो कर्तव्य प्रति जागरुक नागरिक तयार गर्ने । विकासवाट प्राप्त लाभहरुको समन्यायिक वितरण मार्फत सामाजिक न्याय सुनिश्चिता भएको नगर निर्माण गर्ने ।

१७ पूर्वाधारको निर्माण गरी नगरलाई समुन्नत, सुदृढ, स्वाधीन र समाजबाद उन्मुख अर्थतन्त्रको निर्माण गर्ने ।

१८ नागरिकका आधारभूत आवश्यकता परिपूर्ती गर्दै जीवनस्तर सुधार गर्ने । उद्यमशील तथा व्यावसायी नागरिकको सिर्जना गर्दै पूंजी निर्माण गरी नगरको आर्थिक वृद्धी गर्ने ।

१९ नगरलाई कृषि र शिक्षाको केन्द्रका रुपमा विकास गर्दै दुध। मासु, फलफुल, तरकारी र खाद्यान्नमा आत्मनिर्भर वनाउदै हरेक नागरिकलाई स्वरोजगार वनाउने ।

२० साधन स्रोत, अवसर र क्षमताको विकास तथा उच्चतम उपयोग गरी द्रुत आर्थिक तथा मानवीय विकास गर्ने

सभाध्यक्ष महोदय,

२१ नेपाल पक्ष राष्ट्र भएर अन्तर्राष्ट्रिय जगतमा गरेको प्रतिवद्धता तथा अभिसन्धीहरु, दीगो विकास लक्ष्य, विकासशील मुलुकमा स्तरोन्नति हुने राष्ट्रिय लक्ष्य, नेपालको संविधानमा निर्दिष्ट मौलिक हक तथा नागरिक कर्तव्य, संविधानले विन्यास गरेको स्थानीय सरकारको अधिकार क्षेत्र, नेपालको पन्ध्रौ योजनाले तोकेका प्राथमिकताहरु, स्थानीय सरकार संचालन ऐन, २०७४, आगामी आर्थिक वर्षका लागि संघीय सरकारको नीति तथा कार्यक्रम र वजेट, गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम र वजेट, स्थानीय नागरिकको माग, चाहना तथा आवश्यकता, वस्ती, टोल, वार्ड,

विषयगत समितिमा भएका छलफल र प्रथामिकता, विज्ञहरुको सुझाव, नगर कार्यपालिकामा भएको साधन स्रोतको उपलब्धता तथा यस नगर कार्यपालिकाको आ.व. २०७७।०७८ को पारित नीति तथा कार्यक्रमलाई प्रमुख आधार मानी आगामी आर्थिक वर्षको वजेट निर्माण गरेको छु ।

२२ नेपालका नयाँ नगरपालिका मध्ये फलेवास नगरपालिका पनि एक हो । फलेवासको सर्वाङ्गीण विकासका लागि विद्यमान चुनौतिहरु यस प्रकार प्रस्तुत गरेको छु ।

- कोरोना भाइरस (कोभिड १९) को महामारीले पारेको असर
- भौगोलिक विषमता, जोखिमपूर्ण स्थानको वाहुल्यता
- जनसांख्यिक लाभको पूर्ण उपयोग
- नागरिक उत्तरदायित्व तथा जिम्मेवारी अभिवृद्धी
- नागरिकका वढ्दा चाहना तथा आकांक्षा
- युवाहरुको स्वदेश आगमन र वेरोजगारी
- सवै शासकीय साझेदारहरुको सामाजिक उत्तरदायित्व सिर्जना
- समग्र शासन प्रकृयामा सुशासन कायम गरी पूर्ण नागरिक सन्तुष्टि प्रदान

२३ प्रस्तुत चुनौतिहरुको वावजुत पनि निम्न सवल पक्षहरुको विद्यमानताले यी चुनौतिहरुको न्यूनीकरणमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

- जस्तोसुकै महामारी र संकटमा पनि नगरवासीको आत्मवल र धैर्यता
- भौगोलिक तथा सामाजिक विविधता
- नगरको सर्वाङ्गीण विकासमा नागरिकको चासो
- योजनावद्ध तथा दीगो विकासको आधारशीला तथा मार्गचित्र तयार
- राजनैतिक सहमतिजन्य संस्कारको विकास

- वैदेशिक रोजगारवाट प्राप्त नविनतम ज्ञान, सीप, प्रविधि तथा प्रवृतिको समाज विकासमा उपयोग,
- सामाजिक ऐक्यवद्धता, भाइचारा एवं सद्भाव
- नगरवासीमा सकरात्मक सोच र दृष्टिकोण

२४ प्रस्तुत गरिएका उद्धेश्यहरुको व्यवहारिक रुपान्तरणका लागि वजेटका निम्न प्राथमिकताहरु निर्धारण गरेको छु :

बजेटका प्राथमिकताहरु :

कार्यक्रम तथा बजेट तयार गर्दा निम्न विषयलाई मुख्य प्राथमिकतामा राखिएको छ :

- महामारी र संकटको सामना गर्ने, प्रतिरोधी क्षमता अभिवृद्धि,
- स्थानीय सरकारको शासन व्यवस्थापनमा सुशासनको प्रत्याभूति
- नागरिकका आधारभूत आवश्यकताको परिपूर्ति
- दिगो पूर्वाधार निर्माणवाट नागरिकहरुमा सहज सेवाको पहुँच वृद्धि,
- सडक, खानेपानी, सिंचाई जलविद्युत जस्ता प्रमुख पूर्वाधार क्षेत्रको विकास
- आर्थिक तथा सामाजिक विकासका माध्यमबाट गरिवी निवारणमा प्रत्यक्ष योगदान दिने विषयहरु,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने विषयहरु,
- जनताको जीवनस्तर, आम्दानी र रोजगारीमा बढावा हुने विषयहरु,
- स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग हुने विषयहरु,

- **महिला बालबालिका तथा लक्षित समुदायलाई प्रत्यक्ष लाभ पुग्ने विषयहरु,**
- **लैङ्गिक समानता र सामाजिक समाबेशिकरणलाई टेवा पुग्ने विषयहरु,**
- **दिगो विकास वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्‍याउने विषयहरु,**
- **शिक्षा,स्वास्थ्य लगायत समग्र सामाजिक समावेशीकरण र लैंगिक समानता जस्ता क्षेत्रको पूर्वाधार विकास**
- **कृषि क्षेत्रको आधुनिकीकरण, विविधिकरण, यान्त्रिकरण र व्यावसायिकीकरण**
- **पर्यटन तथा साँस्कृतिक पूर्वाधारको विकास तथा प्राकृतिक स्रोतसाधनको महत्तम र दिगो उपयोग तथा वातावरण संरक्षण, उद्योगको विकास र विपद् व्ययस्थापनमा शिघ्र सम्वोधन,**
- **वजेट कार्यान्वयनको क्षमता अभिवृद्धी,**

**अध्यक्ष महोदय,**

कार्यक्रम तथा बजेटमा समाबेश गरिएका विषयगत क्षेत्रहरु निम्न बमोजिम रहेको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु ।

**आर्थिक विकास :**

आर्थिक बिकासको मुख्य शिर्षकमा उद्योग तथा वाणिज्य, कृषि, पर्यटन, वित्तीय क्षेत्र र सहकारी रहेका छन् । यस मुख्य शीर्षकमा कुल रु.३ करोड

९५ लाख  बजेट बिनियोजन गरिएको छ । जुन कुल बजेटको करिव ४.७५ प्रतिशत रहेको छ ।

**सामाजिक विकास :**

सामाजिक बिकासको मुख्य शीर्षकमा खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, शिक्षा, स्वास्थ्य र संस्कृती प्रवर्द्धनका कार्यक्रमहरु समेटिएका छन्

यस शीर्षकमा कुल रु.३१ करोड ५३ लाख बजेट बिनियोजन गरिएको छ । जुन कुल बजेटको ३७.८८ प्रतिशत रहेको छ ।

**पूर्वाधार विकास :**

यस क्षेत्र अन्तर्गत उर्जा, भवन तथा सहरी विकास, वैकल्पिक उर्जा र सञ्चार, सडक तथा अन्य पूर्वाधारका क्षेत्रहरु समेटिएका छन् । यस शीर्षकमा कुल रु.२३ करोड १५ लाख बजेट बिनियोजन गरिएको छ । जुन कुल बजेटको २७.८२ प्रतिशत रहेको छ ।

**वातावरण तथा विपद व्यवस्थापन :**

यस मुख्य शिर्षकमा प्रकोप व्यवस्थापन, बाताबरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, वन तथा भू-संरक्षण र विपद व्यवस्थापनका क्षेत्रहरु समेटिएका छन् । यस शीर्षकमा कुल रु.१ करोड २ लाख बजेट बिनियोजन गरिएको छ । जुन कुल बजेटको १.२३ प्रतिशत रहेको छ ।

**क्लिन फलेवास ग्रिन फलेवास अभियान :**

यस शीर्षकमा कुल ६० लाख बजेट बिनियोजन गरिएको छ । जुन कुल बजेटको ०.७२ प्रतिशत रहेको छ ।

**संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन :**

यस क्षेत्रमा अभिलेख व्यवस्थापन, नागरिक वडापत्र, मानव संसाधन विकास, सूचना प्रविधि, सुरक्षा व्यवस्थापन, सेवा प्रवाह, आन्तरिक तथा अन्तिम लेखापरीक्षण, न्यायीक समिति व्यवस्थापन, राजश्व परिचालन, संस्थागत क्षमता विकास, पूँजीगत सम्पत्तिको सञ्चालन र सम्भार, कार्यालय सामान तथा सेवाहरु, सेवा तथा परामर्श, कार्यक्रम सम्बन्धी खर्चहरु, अनुगमन र मुल्याङ्कन र भ्रमण अन्तर्गत हुने खर्चहरु, स्थिर सम्पत्तिको उपभोग खर्च, सेवा शुल्क आदि समेटिएका छन् । यस शीर्षकमा कुल रु.१ करोड बजेट बिनियोजन गरिएको छ । जुन कुल बजेटको १.२० प्रतिशत रहेको छ ।

**सामाजिक सुरक्षा तर्फ :**

यस क्षेत्रमा जेष्ठनागरिक, एकल महिला, जेष्ठ दलित, दलित वालवालिका, अपांगता भएको क्षेत्रका वालवालिकाको सामाजिक सुरक्षा भत्ता समावेश गरिएको छ । यस शीर्षकमा कुल रु.११ करोड ५० लाख बजेट बिनियोजन गरिएको छ । जुन कुल बजेटको १३.८२ प्रतिशत रहेको छ ।

**संचालन खर्च :**

**यस शिर्षक अन्तर्गत नगर कार्यपालिका, वडा कार्यालय, सेवा केन्द्र, स्वास्थ्य चौकी कार्यालय संचालन र व्यवस्थापन, जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास, कर्मचारी व्यवस्थापन, वैठक, सभा, सरकार संचालन पर्दछन । यस** शीर्षकमा कुल रु.८ करोड बजेट बिनियोजन गरिएको छ । जुन कुल बजेटको ९.६१ प्रतिशत रहेको छ ।

**अन्य क्षेत्र :**

यस क्षेत्रमा माथी उल्लेखित क्षेत्रमा नपरेका विषय प्रधानमन्त्री रोजगार कार्यक्रम, राष्ट्रिय परिचय पत्र, पञ्जिकरण, अन्य शसर्त आउने कार्यक्रम यस शिर्षकमा राखिएको छ । अन्य शीर्षकमा कुल रु.२ करोड ४७ लाख ८१ हजार नौसय पचास बजेट बिनियोजन गरिएको छ । जुन कुल बजेटको २.९८ प्रतिशत रहेको छ ।

**सभाध्यक्ष महोदय,**

**२५ अव म नगरका प्रस्तुत चुनौति, उद्धेश्य र प्राथमिकताको आधारमा रहेर कृषि, पर्यटन पूर्वाधार र रोजगार : सुन्दर फलेवास समृद्धीको आधार भन्ने नारालाई व्यवहारिक रुपान्तरण गर्न फलेवास नगरकार्यपालिकाको अर्थिक वर्ष २०७७/०७८ को वजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

## भौतिक पूर्वाधार विकास

**२६ कोभिड १९ ले पारेको प्रभाव, कोरोना भाईरसको नियन्त्रण, रोकथाम, उपचार र रोजगारको सृजना, आवास तथा वस्ती क्षेत्रमा पूर्वाधार सुधार, वसपार्क, सार्वजनिक शौचालय निर्माण कार्यक्रम ३ वर्ष सम्म संचालन गर्न ८ करोड ४० लाख वजेट व्यवस्था गरेको छु । यसवाट कोभिड १९ ले पारेको प्रभावलाई न्युनिकरण, नगरवासीको जिविकोपार्जनमा सुधार, ग्रामीण वस्ती तथा वसोवासवाट निर्माण भएको फलेवासलाई शहरोन्नमुख नगरमा रुपान्तरण गर्न आवश्यक पूर्वाधार निर्माण हुनेछ । शहरी शासकीय क्षमता विकास कार्यक्रम मार्फत साझेदारी हुनेछ ।**

**२७ नगरको मुख्य वस्ती सडक यातायातवाट वढीमा ५ मिनेटको पैदल दुरीमा सञ्जालीकरण गर्ने नगरको नीति अनुसार वाँकी रहेका नयाँ ट्याक ओपन गर्ने**

सडकहरु निर्माण गर्ने कार्य नगरपालिकाको एक्साभेटर र व्याक हु लोडरवाट गर्ने गरी रु.७० लाख वजेट विनियोजन गरेको छु ।

२८ नगरको रणनैतिक महत्व भएका कार्किनेटा, शंकरपोखरी, जैमुनीघाट सडक, लमाय खोला-लिमिठाना-भंगरा-थापाठाना सडकलाई लमाय खोला लिमिठाना खण्ड संघीय सरकारको सहलगानीमा कालोपत्रे गर्न आवश्यक रकम विनियोजन गरेको छु । फलफुल खेतीको विशाल क्षेत्र हुँदै गरेको सो क्षेत्रमा कालोपत्रे हुने यो सडकले लमायखोला पारीका नागरिकहरुको आर्थिक विकासमा टेवा पुग्ने छ ।

२९ भित्री चक्रपथको रुपमा अगाडी वढेको कार्किनेटा, शंकरपोखरी, जैमुनीघाट सडक, लमाय खोला-लिमिठाना-पोखराधारा सलिनधारा वेतेहानी थापाठाना सडक र देविस्थान-खानीगाउँ चितिपानी-शंकरपोखरी डाँडा-मेलपोखरी हटिया सडकको स्तर वृद्धिको कार्यलाई निरन्तरता दिने वजेट व्यवस्था गरेको छु । यसवाट नगरको केन्द्र तथा छिमेकी पालिकाहरुमा सडकको पहुँच पुगि सहज यातायात सुविधा हुनेछ ।

३० वाहिरी चक्रपथ निर्माण तथा स्तरवृद्धी कार्यक्रम अन्तरगत कार्किनेटा भुजेल स्वांरा, पत्यार, नुवार सम्म ट्र्याक ओपन भएको छ सो सडकलाई स्तरवृद्धि र नुवार देखि रुग्दी मुढिकुवा र वाच्छा खोला तिनकुले पाङराङ सम्मको सडक खण्ड ट्र्याक ओपन गर्ने वजेट विनियोजन गरेको छु । यस सडकको निर्माणले नगरको पूर्वी तथा दक्षिण छेउमा पर्ने वस्तीवाट नगर केन्द्रमा नागरिकको सहज आवागमनको सुविधा पुग्ने छ ।

३१ मुढेखोला, भवानी विद्यापीठ, पिप्ले, लमाय,  छाम्मी, अर्चले,  भगाँरा, वयाले सडक, पोखराचौर, चाउका पोखरी, रुग्दी सडक, लमाय, सराङदी, विरौटा, खल्डाडा, चितिपानी, चुरी, रुग्दी तातोपानी सडक र खल्डाँडा अर्माना सडक स्तरोन्नतिको कार्य प्रदेश सरकारसँगको साझेदारीमा गरिने छ ।

३२ वाहिरी चक्रपथ अन्तरगत वार्ड कार्यालय सडक, सिरकाङ सात्ले कुर्घा डाँडा सडक, घन्तरी सलिन्धारा सडक, च्यानडाँडा पत्यान वाहुनीमारा वयाले सडकको स्तरवृद्धिका लागि वजेट व्यवस्था गरेको छु ।

३३ लिमिठाना, अर्चले, सिरुवारी थापाठाना कार्किनेटा सडक स्तर वृद्धि र लिमिठाना, ठुलास्वारा कुर्घा डांडा सात्ले पाङ्गराङ वाच्छा खोला सडक स्तरवृद्धीका लागि स्तर वृद्धिको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

३४ नगर भित्रका मोटर वाटोलाई सदावहार सवारी आवागमनमा सहजताका लागि आकास्मिक सरसफाई तथा मर्मत सम्भारको लागि रु.१० लाख छुट्टाएको छु ।

३५ क्लिन रोड ग्रिन रोड अभियान मार्फत सडक छेउछाउमा वृक्षारोपण, अम्रिसो तथा डाले घाँस रोपण गरी कालोपत्रे भई सकेका सडकलाई हरित सडकको रुपमा विकास गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

३६ नगर कार्यपालिकाको जग्गा व्यवस्थापन प्रमुख प्रशासनीक भवन निर्माणका लागि लागि रु २ करोड विनियोजन गरेको छु । डयाप्ङ्गि साईडको नक्साङ्कनका र एकिकृत वस्ती विकास एवं शहरी विकास कार्यक्रमका लागि आवश्यक वजेट छुट्टाएको छु ।

३७ वडा स्तरवाट हुने सेवा प्रवाहमा सरलीकरण गर्न, सेवा प्रवाहलाई चुस्त, दुरुस्त वनाई नागरिक सन्तुष्टि प्रदान गर्न सेवा प्रवाह हुने भवनको उपयुक्त भौतिक संरचनाको महत्वपूर्ण भूमिका रहन्छ । यस आर्थिक वर्षमा पाङराङ र थापाठानाको वडा कार्यालय निर्माणका लागि शहरी विकास विभागको साझेदारीमा निर्माण गरिने छ । भंगरा र कुर्घाको वडा कार्यालय प्रदेश सरकारको समपुरक ( सहलगानी) मा निर्माणका लागि रु २ करोड विनियोजन गरेको छु ।

३८ साझेदारीमा ओमशान्ति भवन, सामुदायिक भवन, सहकारी भवन निर्माण र आयआर्जनका लागि पूर्वाधार विकास कार्यक्रमका लागि रु.१८ लाख विनियोजन गरेको छु ।

३९ समन्वय, सहकार्य, साझेदारी तथा सहलगानीमा नगरको विकास गर्ने नीति अनुरुप सडक वोर्ड तथा अन्य योजनामा साझेदारीका लागि रु ५० लाख छुट्टाएको छु ।

४० . नगरमा रहेका काठका पोललाई फलामे पोलवाट विस्थापन गर्न एवं विद्युतका अन्य सामग्री व्यवस्थापन गरी विद्युतको सहज आपूर्तिका लागि रु.३ लाख विनियोजन गरी निरन्तरता दिएको छु ।

४१ नगरमा स्वच्छ एवं गुणस्तरीय खानेपानीको सहज आपूर्तिका लागि एक घर एक धारा कार्यक्रम संचालन गर्न लिफ्ट तथा पाइपलाइन मार्फत संघीय सरकार र प्रदेश सरकारको साझेदारीमा आयोजना कार्यान्वयन भईरहेको छ । ती आयोजनाहरुलाई निरन्तर संचालन गरिने छ । वडा नं. ९ भंगरामा प्रदेश सरकारको साझेदारीमा एक घर एक धारा खानेपानी योजना शुभारम्भ गरिनेछ । वडा नं. २ थापाठाना र ११ पाङराङमा एक घर एक धारा खानेपानी योजनाका लागि रु.२ करोड छुट्टाएको छु ।

४२ फलेवास वृहत खानेपानी आयोजना, शंकरपोखरी वृहत लिफिटङ खानेपानी आयोजना, ठानामौला खानेपानी आयोजना जस्ता वृहत प्रकृतिका खानेपानी आयोजनाहरु प्रदेश सरकार सँगको सहकार्य र साझेदारीमा संचालन गरिने छ ।

४३ नगरक्षेत्रमा रहेको कृषियोग्य भूमीमा सिंचाइ सुविधा उपलब्ध गराउन रु ५० लाख विनियोजन गरेको छु । यसवाट कृषिको उत्पादन र उत्पादकत्वमा वृद्धी भई फलेवास नगर कृषि उत्पादनमा आत्म निर्भर हुनेछ ।

४४ अति विपन्न परिवार, सुरक्षित घरवास, भूमि विहीनसँग नगर कार्यक्रमको संचालन गरिनेछ । विपन्न नागरिक आवास तथा सुरक्षित आवास कार्यक्रम संघीय तथा प्रदेश सरकारको साझेदारीमा अगाडी वढाईने छ । यस विपन्न आवास कार्यक्रमका लागि रु.१८ लाख छुट्टाएको छु । यसवाट स्थानीय सरकारले संविधान प्रदत्त आवासको हकलाई कार्यान्वयन गर्नेछ ।

४५ नगरको पूर्वाधार विकासमा साझेदार निकाय तथा संस्थाहरुको खोजी गरिनेछ । संघ सरकार र प्रदेश सरकारसँग परियोजनागत साझेदारीका लागि समपुरक कोषमा रु.१ करोड वजेट विनियोजन गरेको छु ।

४६ नगरवासीहरुलाई आवत जावतमा असज भएका आउरी खोला, सेराफाँट, भंगारी खोला झोलुङ्गेपुल, सिसाठाँटी सिमखेत झोलुङ्गेपुल, वाईफाई चोक डडाँलचौर झोलुङ्गेपुल, बेलौरे चौतारा साठीमुरेको पुछार झोलुङ्गेपुल, ठुलोखोला चित्रेखोर बेतेनी पुछारघाट झोलुङ्गेपुल, चिर्दिखोला सातमुले झोलुङ्गेपुल निर्माणका लागि ४० लाख वजेट विनियोजन गरेको छु ।

४७ प्रदेश सरकार र संघ सरकारको साझेदारीमा अग्ला, मझौला तथा साना झोलुङ्गे पुलहरुको निर्माण गरिनेछ । वडा नं. ६ देविस्थान ६ इन्द्रको डिल देखि जैमुनि नगर पालिका जोड्ने अग्लो झालुङ्गे पुल, खाल्टे टेलिमेडिसिन देखि पुरानालिमि सम्म अग्लो झालुङ्गे पुल, कर्नास देखि वाच्छा सम्म अग्लो झालुङ्गे पुल विरौटा देखि अर्चले झोलुङे पुल, थापाठाना खनार देखि भंगरा, चौविस कुरिया देखि डान्सिङ र कुर्घा फाँट सम्म पर्यटकीय अग्लो झोलुङ्गे पुलको निर्माण कार्य अगाडी वढाउन पहल गरिने छ ।

४८ नगरको वजार क्षेत्रमा शौर्य उर्जा जडान गरी उज्यालो नगर निर्माण अभियानलाई कार्यान्वयन गर्न र वैकल्पिक उर्जा प्रवर्द्धनको लागि रु.८ लाख विनियोजन गरेको छु ।

४९ फलेवास नगरपालिका प्रवेश गर्ने मुख्य स्थानहरुमा प्रवेशद्धार निर्माण गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

## क्लिन फलेवास ग्रिन फलेवास

५० फलेवास नगरपालिका लाई मानव तथा सवै जीवहरुको लागि वस्न योग्य स्थान वनाउन क्लिन फलेवास ग्रिन फलेवास कार्यक्रमलाई अभियानको रुपमा संचालन गर्न रु.६० लाख विनियोजन गरेको छु । यो कार्यक्रमको सफल कार्यान्वयनवाट

नगरका प्रत्येक घर, टोल र व्यक्ति सँग नगर कार्यपालिकाको संवन्ध स्थापित हुनुका साथै हरित विकासको अवधारणाको सफल कार्यान्वयन हुनेछ ।

## सामाजिक विकास

५१ तोकिएका विद्यार्थीहरुको लागि दिवा खाजा कार्यक्रम र सामुदायिक विद्यालयका छात्राहरुको लागि सेनिटरी प्याड व्यवस्थापन गर्न रु.७३ लाख वजेट विनियोजन गरेको छु । यसवाट विद्यार्थीहरुको भर्ना, टिकाउ र स्वास्थ्यमा सुधार हुनेछ ।

५२ सवैका लागि शिक्षा, शिक्षक तलव तथा विद्यालय व्यवस्थापन, वाल विकास केन्द्र व्यवस्थापन, निशुल्क पाठ्य पुस्तक व्यवस्थापन, शैक्षिक गुणस्तर सुदृढिकरण, कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानका लागि रु.२० करोड ६० लाख विनियोजन गरेको छु ।

५३ विद्यालयमा गुणस्तरीय भौतिक पूर्वाधार निर्माणको लागि रु.१ करोड ८३ लाख व्यवस्था गरेको छु ।

५४ उच्च शिक्षामा साझेदारी कार्यकम अन्तरगत पर्वत वहुमुखी क्याम्पस, अन्नपूर्ण वहुमुखी क्याम्पस, कार्कीनेटा तथा शंकरपोखरी वहुमुखी क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धी, विद्यार्थी प्रतिभा पहिचान, सुत्केरी विदामा वसेका महिला शिक्षकको सट्टा शिक्षक, माध्यमिक तह तथा उच्च शिक्षामा विज्ञान र प्राविधिक शिक्षा अध्ययन गर्ने गरिव तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्ति प्रदान गर्नको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

५५ माटेदेवल मा.वि. प्रदान गरिदै आएको प्राविधिक शिक्षाको छात्रवृत्तीलाई निरन्तरता दिएको छु । भवानी विद्यापीठमा विज्ञान विषयमा अध्ययन गर्ने विद्यार्थीको लागि छात्रवृतिको व्यवस्था गरेको छु ।

५६ विद्यार्थीहरुलाई विद्यालयमा निरन्तरता र गुणस्तरीयताका लागि सामुदायिक विद्यालयमा अध्ययनरत वालवालिकाहरुका लागि खाजा व्यावस्थपन गर्ने खाजा

वाकसको लागि रकम विनियोजन गरेको छु । सुत्केरी विदामा वसेका महिला शिक्षकको सट्टा शिक्षकका लागि अनुदान दिने व्यवस्था मिलाएको छु ।

५७ गुणस्तरीय शिक्षामा विद्यार्थीको सहज पहुँचका लागि स्कूल वसका लागि अनुदानको व्यवस्था गरेको छु । स्थानीय पाठ्यक्रम निर्माण गर्ने, विद्यालयमा खेलकुद सामग्री सहयोग, शिक्षा क्षेत्रमा कार्यक्रम संचालन गर्ने सामाजिक संघसंस्थासंग साझेदारीका लागि प्रयाप्त रकम विनियोजन गरेको छु । समग्र शिक्षा क्षेत्रको गुणस्तर सुधार तथा शिक्षामा सवैको पहुँच तथा निरन्तरता अभिवृद्धीका लागि रु २५ करोड ५० लाख विनियोजन गरेको छु ।

५८ सवै नागरिकको आधारभूत स्वास्थ्यमा सरल, सहज तथा गुणस्तरीय पहुँचका लागि वडा नं. ६ देविस्थानमा १५ शैयाको अस्पतालको स्थापना गरी भौतिक सुधार गर्न संघीय सरकामा साझेदारीताको लागि प्रस्ताव गरेको छु ।

५९ समुदायमा नवजात शिशु, वालरोगको एकिकृत व्यवस्थापन, सरुवा रोगको रोकथाम, नियन्त्रण, हात्तिपाईले रोग विरुद्धको औषधी सेवन, पशुपंक्षिवाट सर्ने रोग वर्डफ्ल्यु, एन्फुएञ्जा लगायतका रोगको रोकथाम, नियन्त्रण र निगरानीका लागि रु.१३ लाख विनियोजन गरेको छु ।

६० कोभिड १९ को संक्रमण रोकथाम, नियन्त्रण र उपचार, नगरवासीलाई गुणस्तरीय स्वास्थ्य सेवामा पहुंच स्थापनाका लागि नगरमा थप वर्थिंग सेन्टर स्थापना, स्वास्थ्य आमा समुह परिचालन, विद्यालयमा विद्यार्थी हेल्थ क्लव परिचालन, महिला स्वास्थ्य स्वंय सेविका प्रोत्साहन, औषधी व्यवस्थापन, ल्याब सेवा विस्तार र निरन्तरता, महिला स्वास्थ्य स्वंय सेविकाको सम्मानजनक विदाई, जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा, प्रेषण गर्नु पर्ने सुत्केरीलाई निशुल्क एम्बुलेन्स सेवा, विपन्न वर्गका विरामीको साथमा नगर प्रमुख कार्यक्रम र स्वास्थ्य विशेषज्ञ सेवा संचालन गर्न रु १ करोड २० लाख वजेट विनियोजन गरेको छु ।

६१ आमा सुरक्षा, गर्भवती उत्प्रेरणा, न्यानो झोला वितरण, निशुल्क गर्भपत सेवा, आधारभूत तथा आकास्मिक स्वास्थ्य सेवा, वाह्य खोप केन्द्रको भौतिक सुधार,

क्षयरोग नियन्त्रण, एकीकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य, एकीकृत वाल स्वास्थ्य तथा पोषण, महामारी तथा रोग नियन्त्रण, अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम र उपचारात्मक सेवालाई सघन रुपमा संचालन गर्न रु.३७ लाख वजेट व्यवस्था गरेको छु ।

६२ आयुर्वेद स्वास्थ्यको व्यवस्थापन, जडिवुटिहरुको संरक्षण, विकास तथा उपयोग, रोगको प्रतिरक्षा गर्न सक्ने जडिवुटिको उपयोग कार्यक्रम संचालन गर्न रु.३२ लाख विनियोजन गरेको छु ।

६३ समग्र गुणस्तरीय स्वास्थ्य सेवाका लागि रु.२ करोड २ लाख प्रवन्ध गरेको छु ।

६४ मेयरकप खेलकुद प्रतियोगिता सञ्चालन र खेलकुद मैदानको निर्माण तथा सुधार गर्न लागि आवश्यक रकमको व्यवस्था गरेको छु ।

६५ युवा क्लवहरुको प्रवर्द्धन गरी नमुना युवा संसद अभ्यास आयोजना गरी युवाहरुको नेतृत्व विकास, युवा प्रतिभा पहिचान, सामाजिक जागरण र रुपान्तरणमा युवाहरु परिचालन गर्न, युवा उद्यमशिलता विकास गर्न रु.२५ लाख विनियोजन गरेको छु ।

६६ नगर क्षेत्रमा रहेका कोतहरुको संरक्षण, ऐतिहांसिक मन्दिरको सम्वर्द्धन, पुजा व्यवस्थापन, भाषा तथा भेषभुषा संरक्षण, लोक संस्कृतीहरुको सम्वर्द्धन तथा सामाग्री व्यवस्थापन, तिज गित, लोकगित, रत्यौली, सालैजो, रोधी, भजन किर्तन, लाखेनाच, देवीलिला आदि संरक्षण र सम्वर्द्धन, नौमती वाजा, खैजरी मुजुरा आदि संरक्षण, सम्वर्द्धन र सामग्री सहयोगका लागि आवश्यक रकमको व्यवस्था गरेको छु ।

६७ लैगिंक समानता तथा सामाजिक समावेशीकरणका लागि लैगिंक हिंसा न्यूनीकरण नगरवासीको प्रण उद्घोषका साथ महिलासँग उपप्रमुख कार्यक्रम संचालन गरिनेछ । नगरमा वालवालिकाको हक अधिकारको सुनिश्चितताका लागि विविध कार्यक्रम संचालन गरिने छ । जेष्ठ नागरिकको ज्ञान, सीपलाई नगर विकासमा समाहित गर्ने कार्यक्रम ल्याइएको छ । एक वडा एक उद्योग स्थापना र महिला

शसक्तिकरण तथा क्षमता विकास, महिला वालवालिका तथा जेष्ठ नागरिकको कार्यक्रम कार्यान्वयनका लागि रु.१६ लाख व्यवस्था गरेको छु ।

६८ जेष्ठनागरिकको अनुभव तथा सीपलाई पुस्तान्तरण गर्ने, समाजमा जेष्ठनागरिकको सम्मानजनक जिवनयापन गर्ने कार्यक्रम संचालनको लागि रु.३५ लाख प्रवन्ध गरेको छु ।

६९ महिला, युवा, विपन्न, उद्यमीहरुको क्षमता विकास, सीप विकास, प्रविधी हस्तान्तरण र नयाँ उद्यमी सृजनाको लागि लघुउद्यम विकास कार्यक्रम कार्यान्वयन गर्न रु.३५ लाख विनियोजन गरेको छु ।

७० दिगो विकास लक्ष्यको स्थानीयकरणका लागि गैससहरुको कार्यक्रमलाई समाहित गरिने छ । नगर क्षेत्रमा कार्यक्रम संचालन गरिरहेका गैससहरुका कार्यक्रम प्रभावकारी र नगरको लक्ष्य, नीति तथा कार्यक्रममा केन्द्रित भै संचालन गर्ने वातावरण सृजना गरी नगर विकास योजनामा समावेश गरिने छ । नगरको विकासका लागि गैसस मार्फत रु. १ करोड १३ लाख वजेट कार्यान्वयन हुने प्रस्ताव गरेको छु ।

७१ गैरसरकारी संस्थाको क्षमता विकास र व्यवस्थापनको लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

# आर्थिक विकास

७२ अंसगठित श्रमिकको भविष्यको सामाजिक सुरक्षा, मानव मूल्य, समानता, सामाजिक न्याय, विपन्न वर्गका श्रमिकको भावी दिनको सहज जिवनयापनका लागि श्रमिक कल्याण कोषको शुभारम्भ गर्न, नगर भित्र रहेका सहकारीलाई सहकारीको अनुगमन, नियमन, तथ्यांक संकलन, क्षमता विकास तथा अध्ययन अवलोकन भ्रमणको लागि रु.६० लाख विनियोजन गरेको छु ।

७३ राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षाममा टेवा पुर्याउने वाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र विकास कार्यक्रम संचालन गर्न

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाका लागि रु.२४ लाख व्यवस्था गरेको छु ।

७४ एक वडा एक कृषि फर्म कार्यक्रमलाई निरन्तरता दिएको छु । विरुवा हाम्रो फल तपाईको, टनेल हाम्रो उत्पादन तपाँइको, कफी वगैचा कार्यक्रम, उपलब्धीमा आधारित कृषि अनुदान, कृषि उपजको समर्थन मूल्य व्यवस्थापन, वहुउदेश्यीय नर्सरी व्यवस्थापन, भैसी तथा गाई प फलफूल नर्सरी स्थापनाका लागि आवश्यक वजेट छुट्टएको छु ।

७५ भैसीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र विकास र व्यवसायिक तरकारी खेती कार्यक्रम संचालन गर्न साझेदारीमा ६० लाख विनियोजन गरेको छु ।

७६ खाद्यन्न वालीको विज वृद्धि, एकिकृत वाली तथा जल व्यवस्थापन, कृषक पाठशाला मार्फत कृषकहरुको ज्ञान र व्यवहारिक सीप विकास कार्यक्रम संचालन गर्न वृहत फलेवास सिंचाई क्षेत्रमा समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र कार्यक्रम कार्यान्वयनको लागि रु.१० लाख वजेटको व्यवस्था गरेको छु ।

७७ साझेदारीमा एक वडा एक पशु फार्म, वाखा पालन, स्थानीय जातका कुखुरा, पालन, पशु स्वास्थ्य तथा प्रयोग सेवा, पशु स्वास्थ्य सिविर तथा खोप, पशु वीमा, दुध ढुवानीमा अनुदान, कृतिम गर्वाधान, डालेघाँस तथा भूईघाँस प्रवर्द्धन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

७८ फलेवासवासीको दिगो र मुख्य आम्दानीको श्रोत कृषि नै हो । कृषिमा व्यवशायीकरण, यान्त्रीकिकरण र आधुनिकिकरण गर्न, पशुसेवा र कृषि विकासका समग्र कार्यक्रम संचालनका लागि रु.१ करोड ५० लाख विनियोजन गरेको छु ।

७९ परम्परागत पेशा व्यावसायको आधुनिकिकरण, एक वडा एक घरेलु औजार उद्योग स्थापना, उद्यमीहरुको लागि प्रविधि हस्तान्तरण, व्यावसायको सुदृढीकरण, सीप विकास गर्न आवश्यक रकमको व्यवस्था गरको छु ।

८० नगरभित्र स्थापना भई संचालनमा रहेका विविध प्रकृतिका व्यावसायहरुको नियमन तथा व्यवस्थापनका लागि आवश्यक व्यवस्था गरेको छु ।

८१ डहरे तथा जलजला क्षेत्रमा ओपन जू को रुपमा विकास गर्न, मनमोहन शान्ति वाटिकाको पूर्वाधार निर्माण, होम स्टेमा पूर्वाधार निर्माण, धार्मिक पर्यटकीय क्षेत्रको पूर्वाधार विकास, आवश्यक स्थानमा पदमार्ग निर्माण, ऐतिहांसिक कोत तथा मन्दिर संरक्षण, सम्वर्द्धन, प्रचार प्रसार, लमाय खोला क्षेत्रको पर्यटन योजना निर्माणका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

८२ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्र मार्फत नगर भित्र रहेका १०० वेरोजगार युवाहरु रोजगार उपलव्ध गराउन रु.६३ लाख वजेट व्यवस्था गरेको छु ।

## वन, वातावरण तथा विपद् व्यवस्थापनः

८३ सडकको दीगो संरक्षणका लागि सडक वरपर अम्रिसो, डालेघाँस प्रवर्द्धन, एक वडा एक चौतारी, पोखरी निर्माण, नदि कटान तथा जल उत्पन्न प्रकोप व्यवस्थापन, भू क्षय तथा पहिरो नियन्त्रण, खानेपानीका मुलहरुको संरक्षणका लागि रु २० लाख रकम विनियोजन गरेको छु । विपत व्यवस्थापन कोष व्यवस्थापनका लागि रु १० लाख छुट्टाएको छु ।

८४ समग्रमा प्रकोप व्यवस्थापन, वातावरण तथा विपद् व्यवस्थापनका कार्यक्रमहरु संचालन गर्न रु १ करोड विनियोजन गरेको छु ।

## संस्थागत विकास तथा शुसासन

८५ पञ्जिकरण व्यवस्थापन, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली संचालन, व्यक्तिगत घटना दर्ता सिविर आयोजना गरी नगरवासीलाई सहज वातावरण सृजना गर्न रु.३९ लाख वजेट व्यवस्था गरेको छु ।

८६ इन्टरनेटको सञ्जालीकरण तथा क्षमता विकास तालिम, टोल विकास संस्था परिचालन तथा व्यवस्थापन,  सेवा प्रवाह सवलीकरण तथा शुसासन सवलीकरण कार्यक्रम, सामाजिक परिचालक/सामाजिक अभियान्ता व्यवस्थापनको लागि आवश्यक रकमको व्यवस्था गरेको छु।

८७ नागरिक मैत्री सेवा प्रवाहको सुनिश्चितताको लागि कर्मचारीहरुलाई कार्यसम्पादन तथा उपलब्धीमा  आधारित प्रोत्साहन गरी उच्च मनोवलका साथ काम गर्न, कार्यरत अस्थायी तथा सेवा करारमा रहेका कर्मचारीहरुको न्यायोचित वृत्ति विकास, योगदानमा आधारित अवकास कोष/कल्याण कोषको शुरुवात गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु।

८८ न्यायीक समिति व्यवस्थापन, मेलमिलाप कक्ष व्यवस्थापन, न्यायीक सेवा विस्तारका लागिका आवश्यक रकम विनियोजन गरेको छु।

८९ गठन भएका टोल विकास संस्थाहरुलाई नगर विकासको अभियानमा समाहित गर्न, टोल विकास संस्था मार्फत नागरिक सचेतनाका कार्यक्मकहरु सँचालन गर्न वजेट व्यवस्थापन गरको छु।

९० नगरमा सुरक्षा व्यवस्थापन, नगर कार्यपालिकाका निर्णय कार्यान्वयनमा सहयोग पुर्‍याउन, सार्वजनिक सम्पतीको संरक्षण गर्न नगर प्रहरीको व्यवस्थापन गर्न वजेटको प्रवन्ध मिलाएको छु।

९१ स्थानीय संचार माध्यमको भौतिक सुधार, नगरको उपलव्धी प्रचार प्रसार, संचार माध्यमको सवलीकरण र विज्ञापन, रेडियो कार्यक्रम प्रशारण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, लैङ्गिक परिक्षण जस्ता कार्यक्मकहरु संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

९२ समग्र संस्थागत विकास, सेवा प्रवाह प्रभावकारीता, सुशासन प्रवर्द्धन, क्षमता विकास, सामाजिक परिचालनका लागि रु १ करोडको प्रवन्ध मिलाएको छु।

## राजस्वः

९३ करको दर कम र दायरा फराकिलो वनाउदै गरिवमैत्री कर प्रणालीलाई पूर्णरुपमा कार्यान्वयन गरिने छ । नगरले पहिचान गरेका विपन्न, सिमान्तकृत समुह, अतिसिमान्तकृत परिवारलाई लाग्ने कर तथा सेवा शुल्क पूर्ण रुपमा निशुल्क गर्ने व्यवस्था गरेको छु ।

९४ नगरपालिकालाई क्रमशः आत्मनिर्भर बनाउन करको दायरालाई फराकिलो गरिएको छ । गरिव मैत्रीकरको शुरुवात गरिएको छ । अपाङ्गता भएका व्यक्ति तथा अति गरिव र सीमान्तकृत नागरिकका लागि कर छुटको व्यवस्था गरेको छु ।

९५ करप्रणालीलाई व्यवस्थित बनाउन सञ्चार माध्यम र करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

९६ राजस्व चुहावट नियन्त्रणका राजस्वलाई वैंकिंग प्रणाली र सफ्टवेयर मार्फत व्यवस्थित गरिनेछ ।

९७ नगरपालिकाको राजस्वमा विभिन्न शिर्षकहरुवाट १ करोड ५० लाख उठ्ने अनुमान गरेको छु ।

सभाध्यक्ष महोदय,

९८ प्रस्तुत गरिएका कार्यक्रमहरु कार्यान्वयन गर्न निम्नानुसारको वित्तिय ब्यवस्था गरेको छु ।

### आम्दानी तर्फ :

| आय शिर्षक | वजेट रकम रु. |
|---|---|
| आन्तरिक आम्दानी | १५०००००० |
| संघीय सरकारवाट प्राप्त वित्तिय समानीकरण | १००८००००० |
| संघीय सरकारवाट प्राप्त सर्शत चालु अनुदान | ४१३२००००० |
| संघीय सरकारवाट प्राप्त राजश्व वांडफाँड | ७०८८३९५० |
| संघीय सरकारवाट प्राप्त विशेष अनुदान | २३५०००००० |
| संघीय सरकारवाट प्राप्त समपुरक अनुदान | ४७०००००० |
| प्रदेश सरकारवाट प्राप्त वित्तिय समानीकरण | १२०४३००० |
| प्रदेश सरकारवाट प्राप्त राजश्व वांडफाँड | ४१५५००० |

| आय शिर्षक | वजेट रकम रु. |
|---|---:|
| प्रदेश सरकारवाट प्राप्त समपुरक अनुदान | १०००००००० |
| संघीय सरकारवाट सामाजिक सुरक्षा वापतको रकम | ११५०००००० |
| प्रदेश तथा स्थानीय सरकार क्षमता विकास कार्यक्रम | ७०००००० |
| स्थानीय पूर्वाधार विकास कोषवाट प्राप्त | ९०००००० |
| पर्यटन विकास वोर्डवाट प्राप्त | ३०००००० |
| सडक वोर्डवाट प्राप्त | ३०००००० |
| अ.ल्या. | ५०००००० |
| जम्मा | **८३२२८१९५०** |

**उल्लेखित बिनियोजन मध्ये चालु तथा पुँजिगत खर्च तपशिल बमोजिम हुने अनुमान गरेको छु ।**

चालु एवं साधारण खर्च : ३६ करोड ३२ लाख

पुंजीगत एवं विकास खर्च : ४६ करोड ९० लाख ८१ हजार ९५०

कुल वजेट : ८३ करोड २२ लाख ८१ हजार ९५०

**उल्लिखित खर्चलाई देहाय अनुसार विषयगत शिर्षकमा विनियोजना गरिएको अवगत गराउँदछु ।**

| विषयगत शिर्षक | विनियोजित वजेट |
|---|---:|
| क्लिन फलेवास ग्रिन फलेवास | ६०००००० |
| पूर्वाधार विकास | २३१५००००० |
| सामाजिक विकास | ३१५३००००० |
| आर्थिक विकास | ३९५००००० |
| प्रकोप, वन वातावरण र विपत व्यवस्थापन | १०२००००० |
| संस्थागत तथा शुसासन | १०००००००० |
| अन्य क्षेत्र | २४७८१९५० |
| सामाजिक सुरक्षा भत्ता | ११५०००००० |
| समानिकरण तथा राजश्व तर्फको चालु एवं संचालन खर्च | ८०००००००० |
| **जम्मा** | ८३,२२,८१,९५० |

**सभाध्यक्ष महोदय,**

९९ प्रस्तुत वजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनले फलेवास नगरपालिकामा हामीले पहिलो वर्षवाट शुरुवात गरेका भौतिक पूर्वाधारको विकासको प्रतिफल आम नागरिकले महशुस गर्ने छन । वाहिरी चक्रपथमा वाह्रै महिना गाडी चल्न सक्ने गरी व्यवस्थापन भएको हुनेछ । विभिन्न साझेदार संगको सहकार्य तथा लगानी र नगरको आफ्नै लगानीले  भित्री चक्रपथको सवल स्तरोन्नति भएको हुनेछ । केन्द्र चक्रपथको कालोपत्रे भै नियमित नगर वस चल्न शुरु गर्ने छन । नगरपालिका भरी सडक संजालको विस्तार भै नगरवारीहरु मुख्य वस्तीवाट ५ मिनेटको दुरीमा सडकमा पुग्ने छन । हाल निर्माणाधिन सडकहरुको स्तरोन्नतीले सुरक्षित तथा गुणस्तरीय सडकमा सवै नागरिकको पहुँच वृद्धि हुनेछ । गल्कोट, गाजाको दह, जैमुनिघाट, देविस्थान, शंकरपोखरी, कार्किनेटा सडक मध्य पहाडी राजमार्गको वैकल्पिक मार्गको रुपमा विकास हुनेछ । प्रदेश राजधानी लगायत अन्य प्रदेशहरुसँग समेत सडक संजालको विस्तारले यातायात सुविधा विस्तार मात्र हुने नभई नगरको आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासमा अमुल्य योगदान गर्नेछ ।

१०० नगरले अगाडी सारेको कालिगण्डकी जलाशययुक्त वहुउद्देश्यीय परियोजनाको निर्माणले समग्र नगरवासीको जीवनस्तरमा अकल्पनिय सुधारको शुरुवात गर्नेछ । भावी पुस्ताहरुको सपनालाई समेत साकार पार्न यो परियोजना सफल हुनेछ ।

१०१ गुणस्तरीय शिक्षा र स्वास्थ्यमा सवैको पहुँच हुनेछ । वन, पर्यटन, उद्योग, जलविद्युत, कृषि तथा पशुपालनको व्यावसायिकरण तथा औद्योगिकीकरण मार्फत नगरमा नै स्वरोजगारी तथा रोजगारीको सिर्जना हुनेछ ,

१०२ कोरोना भाइरसको महामारी नियन्त्रण, रोकथाम भई नागरिकहरुको जिवनयापन सहज हुनेछ । कोभिड १९ को महासंकटवाट पर्न गएको भौतिक तथा सामाजिक असर न्युनिकरण हुनेछ ।

## *अन्त्यमा,*

**लामो समय देखि वस्ती, टोल, वार्ड हुँदै विषयत समिति, सरोकारवाला निकायमा छलफल गरी नागरिकका वास्विक आवश्यकताको पहिचान, संकलन, प्राथमिकीकरण गरि वजेट तथा कार्यक्रम अगाडी सारिएको छ । वजेट तथा कार्यक्रमले सवै वर्ग क्षेत्र, लिङ्ग, भुगोललाई समेटेको विश्वास लिएको छु । यस वजेटमा सवैको साथ, अपनत्व तथा ममत्व रहने छ । यसको सवल र सफल कार्यान्वयनवाट नगरको दिगो तथा सर्वाङ्गीण विकास हुनेछ ।**

**नगरको अवस्था, श्रोत साधन र यर्थाथ धरातलमा उभिएर वास्तविक आवश्यकता र समस्याहरुलाई केन्द्रित गरी नगर सभावाट पारित भएको नीति तथा कार्यक्रमको परिधि भित्र रहेर वजेट तथा कार्यक्रमको निर्माण गरिएको छ । वजेट तथा कार्यक्रमको प्रभावकारी र सफल कार्यान्वयनका लागि सवै सरोकारवालाहरुको साथ, समर्थन र यहाँहरुको सहयोगले सुखद् परिणाम ल्याउनेछ । तसर्थ यसको प्रभावकारी कार्यान्वयनका लागि सवै नगरवासी आमावुवा, दिदीवहिनी तथा दाजुभाई र अन्य सरोकारवालाहरुसँग फलेवास नगर कार्यपालिका सधै समन्वय, सहकार्य, साझेदारी र सकरात्मक पृष्ठपोषणको अपेक्षा गर्दछ ।**

**फलेवास र फलेवासीको जय होस् ।  धन्यवाद ।**

मञ्जु अधिकारी
**नगर उपप्रमुख**
फलेवास नगर कार्यपालिका